## गाउँ कार्यपालिकाको १९औं बैठकको निर्णय

### प्रस्ताव तथा निर्णयहरु:

१. बस्तिस्तरका योजना छनौट सम्बन्धमा।
२. कानून निर्माण सम्बन्धमा।
३. विविध।

### निर्णय नं १.

आ ब २०८०।०८१ का लागि रुन्टीगढी गाउँपालिकाका सबै वडाका बस्तिस्तरमा मिति २०८०।०२।१० गते देखि मिति २०८०।०२।२२ गते सम्म बस्तिस्तरका योजना छनौट गरिसक्नु पर्ने र मिति २०८०।०२।२५ गते भित्र सबै वडाहरुबाट गाउँपालिकाको कार्यालयमा पेश गर्ने । सो कार्यका लागि वडाका सबै बासिन्दा सुसुचित हुने गरि व्यापक प्रचारप्रसारको व्यवस्था गर्ने।

### निर्णय नं २

रुन्टीगढी गाउँपालिका गाउँ कार्यपालिकाले आबश्यकता महशुस गरेका तपसिल बमोजिका कार्यविधि निर्माण गर्न सैद्धान्तिक सहमति लिने।

तपसिलः

१ समुह तथा समिति दर्ता गर्ने सम्बन्धी कार्यविधि,

२ रुन्टीगढी गाउँपालिका खेलकुद संचालन सम्बन्धी कार्यविधि, २०७६ खारेज गरि खेलकुद विकास सम्बन्धी कार्यविधि निर्माण गर्ने।

### निर्णय नं ३

प्रदेश सरकारबाट हस्तान्तरित शसर्त अनुदान अन्तर्गत रुन्टीगढी गाउँपालिका वडा नं ७ को बलबाङ लिफ्टिङ खानेपानी योजना निर्माण गर्ने गरि बजेट विनियोजन भएकोमा मुहान सम्बन्धी समस्या आई व्यापक छलफल र बहसबाट अर्को मुहानबाट पानी ल्याउने व्यवस्था हुँदा समग्रमा लागत र गुणस्तरमा समेत सुविधा हुने देखिएको हुँदा लिफ्ट विनाको खानेपानी योजना निर्माण गर्ने गरि बजेट खर्च गर्ने।

### निर्णय नं ४

रुन्टीगढी गाउँपालिका वडा नं ८ को कार्यालयमा प्रशासनिक कामकाजमा सघाउ पुर्याउदै आएका सामाजिक परिचालक श्री विष्णु लामिछानेलाई घरपायक पर्ने वडा नं ६ को कार्यालयमा कामकाजमा खटाइएको हुँदा खटाए पश्चात वडा नं ८ को कार्यालयमा प्रशासनिक कामकाज गर्न वडा सचिवलाई कार्यको चाप भएको कारण सचिवको कार्यबोझमा समेत सहजिकरण गर्न यस अघि लघु उद्यम विकास सहजकर्ताको रुपमा कामकाज गरि सकेकि वडा नं ८ कि मनिषा बुढाथोकीलाई हाल ज्यालादारिमा कार्यालय सहयोगी पदमा भर्ना गरी कामकाजमा लगाउने।

निर्णय नं ५

यस रुन्टीगढी गाउँपालिकाका विभिन्न वडाहरुबाट आर्थिक सहयोगका लागि आएका निवेदन तथा अन्य आर्थिक सहयोगका निवेदन माथि छलफल गर्दा निवेदकलाई परेको स्वास्थ्य समस्याको जटिलता, कमजोर आर्थिक अबस्था र घरको आयस्रोतलाई मध्यनजर गर्दै त्यसरी आर्थिक सहयोग माग गरि निवेदन दिएका व्यक्तिहरुलाई आर्थिक सहायता कार्यविधि, २०७५ बमोजिम र सामान्य विरामिहरुलाई अध्यक्षज्यूको तोकादेश अनुसारको आर्थिक सहयोग दिने।

तपसिलः

| क सं | नामथर | ठेगाना | समस्या | रकम |
|---|---|---|---|---|
| १ | मणी घर्ति मगर | रुन्टीगढी १, रोल्पा | लडेर मेरुदण्ड भाचिएको | रु.४०,०००/- |
| २ | तिलमति पुन | रुन्टीगढी २, रोल्पा | फोक्सोमा पानि जमेको | रु.८,०००/- |
| ३ | बुढी कामि | रुन्टीगढी २, रोल्पा | खुट्टा भाच्चिएको | रु.१०,०००/- |
| ४ | भिम बहादुर नेपाली | रुन्टीगढी ६, रोल्पा | मृगौलाको विरामी | रु.१०,०००/- |